# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

प.सं.०७६/०७७ स्व.शाखा
च.नं. ७९८

मितिः २०७६/०५/११

विषय : डेंगु रोग नियन्त्रण सम्वन्धमा ।

श्री वडा कार्यालय (सवै)
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिकाभित्र रहेका विभिन्न क्षेत्रहरुमा विगत केही समय देखि डेंगु रोग महामारीको रुपमा फैलिरहको र सोको नियन्त्रणका लागि समुदायस्तरमा नै गतिविधिहरु संचालन गर्दा नियन्त्रणका लागि सहज हुने भएकोले तहाँ वडाभित्रका टोल विकास समिति तथा अन्य संघ/संस्थालाई परिचालन गरी तपसिलमा उल्लेखित लामखुट्टेको वासस्थान तथा लार्भा नष्ट गर्ने जनचेतनामूलक क्रियाकलापहरु संचालन गर्नुहुन अनुरोध गरिन्छ ।

<u>लामखुट्टेको वृद्धि रोक्ने तथा लार्भा नष्ट गर्ने उपायहरु — (प्रत्येक हप्ता गर्नुपर्ने) :</u>

- पानी जम्ने टिनका डब्बाहरु, थोत्रा टायरहरु, खाली बट्टा, गमला फूलदानीमा पानी जम्न नदिने ।
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्ने ।
- घर वरिपरि भएका पानी जम्ने खाडलहरु पुर्ने र पानी जम्न नदिने ।
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुइ चम्चा मट्टितेल राखिदिनुका साथै जम्मा भएको पानी सफा गर्ने ।
- फूलदानीमा रहेको पानी हप्तामा दुई पटक फेर्ने ।
- डेगुं रोग लगाउने लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने ।

(याद राखौं, लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो)

...............................
(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ :</u>
श्री स्वास्थ्य कार्यालय, प्रदेश नं. ३, चितवन — आवश्यक प्राविधिक सहयोग तथा समन्वयका लागि ।

<u>प्राविधिक सहयोग र समन्वयका लागि सम्पर्क</u>
भरतपुर महानगरपालिका (स्वास्थ्य शाखा) ०५६—५३०२४१, स्वास्थ्य कार्यालय, चितवन, ०५६—५२०२६९